# तथ्य पाना - तत्काल विद्यालय सामुदायिक सुरक्षा आदेश

### तत्काल विद्यालय सामुदायिक सुरक्षा आदेशले के गर्छ?

प्रधानाध्यापक र शिक्षा तथा प्रशिक्षण विभागका कर्मचारी जस्ता केही मानिसहरूलाई 'अधिकृत व्यक्ति' भनिन्छ। उहाँहरूसँग तपाईं विद्यालय जाँदा वा विद्यालयमा संलग्न हुँदा तपाईंले पालना गर्नु पर्ने नियमहरू सेट गर्ने आदेशहरू बनाउने अधिकार छ।

आदेशले तपाईंलाई विद्यालयका क्षेत्रहरू वा विद्यालयका क्रियाकलापहरू गरिने अन्य स्थानहरूमा प्रवेश गर्न वा रहनबाट रोक्दछ। आदेशमा कुन समय वा कुन क्षेत्रहरूमा आदेश लागू हुँदैन भन्ने जस्ता विवरणहरू समावेश हुन सक्छ।

विद्यालय सामुदायिक सुरक्षा आदेशहरूका बारेमा थप जानकारी यहाँ फेला पार्न सकिन्छ। तपाईं विद्यालय सामुदायिक सुरक्षा आदेशहरूले के गर्छ भनेर बुझ्नमा मद्दतका लागि यहाँ भिडियो हेर्न सक्नुहुन्छ।

### तत्काल आदेश कति समयसम्म रहन्छ?

आदेशले यी नियम कति समयसम्म लागू हुने छन् भनेर पनि बताउँछ। आदेश लागू हुन सक्ने सबैभन्दा लामो समय भनेको 14 दिन हो।

### यदि विद्यालयमा मेरो बच्चा छ भने, मैले अहिले तत्काल आदेश पालना गर्नु पर्ने भएमा उनीहरूलाई के हुन्छ?

तपाईंको विद्यालयले तपाईंको बच्चालाई आदेशले कसरी प्रभाव पार्ने छ र तपाईंले उनीहरूलाई कसरी ख्याल राख्नुपर्छ भन्नेबारे ध्यानपूर्वक सोचेको छ। आदेश भनेको तपाईंलाई उनीहरूको ख्याल राख्नबाट वा उनीहरूको शिक्षामा संलग्न हुनबाट रोक्नका लागि होइन।

तपाईंको विद्यालयले तपाईंलाई आदेश दिएपछि सक्दो छिटो 'सञ्चार र पहुँच प्रोटोकल' दिने छ। यसले निम्न कुराहरू निर्दिष्ट गर्ने छ:

- तपाईंको बच्चाको शिक्षाबारे तपाईंलाई कसरी बताउन सकिन्छ
- तपाईंको बच्चा कसरी विद्यालय जान र विद्यालयका क्रियाकलापहरूमा सुरक्षित तरिकाले सहभागी हुन जारी राख्न सक्नुहुन्छ
- तपाईंको बच्चालाई सहायता र हेरचाह गरिएको छ भनी सुनिश्चित गर्न उहाँहरूले के गर्नु हुने छ।

### म तत्काल आदेशसँग सहमत भएन भने के हुन्छ?

आदेश दिने अधिकृत व्यक्तिले आदेश दिएपछि 'जारी विद्यालय सामुदायिक सुरक्षा आदेश' दिने कि आदेशलाई रद्द गर्ने भन्ने बारेमा विचार गर्नका लागि तुरुन्तै आदेशको समीक्षा गर्नुपर्छ। जारी आदेशहरूका बारेमा थप जानकारी शिक्षा तथा प्रशिक्षण विभागको वेबसाइट यहाँ फेला पार्न सकिन्छ।

तपाईंले कुनै निश्चित अवस्थामा किन त्यस्तो कदम चाल्नुभयो, यसले तपाईं वा तपाईंको बच्चालाई कसरी प्रभाव पार्ने छ भन्ने बारेमा वा उहाँहरूलाई थाहा हुन आवश्यक अन्य केही कुराका बारेमा व्याख्या गर्नका लागि तपाईं कुनै पनि समयमा निवेदन पेश गर्न सक्नुहुन्छ। उदाहरणका लागि, तपाईंले आफ्नो बच्चाको असक्षमताका बारेमा विद्यालयलाई बताउनु पर्ने हुन सक्छ जसकारण उहाँहरूले तपाईं आफ्नो बच्चालाई विद्यालय पठाउन सक्नुहुन्छ भनी सुनिश्चित गर्न सक्नुहुन्छ।

लिखित निवेदन अधिकृत व्यक्तिलाई इमेल वा पत्र लेखेर पठाउन सकिन्छ। तपाईं शिक्षा तथा प्रशिक्षण विभागको वेबसाइट यहाँ गएर टेम्प्लेट प्रयोग गर्न सक्नुहुन्छ।

तपाईं निवेदन लेख्न चाहनुहुन्न भने, तपाईं यसको सट्टामा मौखिक निवेदनका लागि अनुरोध गर्न सक्नुहुन्छ। तपाईं आफ्नो असक्षमता सहायक व्यक्ति वा दोभाषे जस्ता कोही व्यक्तिलाई आफ्ना लागि निवेदन दिन अनुरोध गर्न पनि सक्नुहुन्छ।

## मैले आदेशको पालना गरेन भने के हुन्छ?

तपाईंले आदेशमा उल्लेख गरिएका नियमहरूको पालना गर्नुभएन भने, विद्यालयले तपाईंलाई आदेश पालन गराउनका लागि मेजिस्ट्रेटको अदालतमा आवेदन दिन सक्छ।

मेजिस्ट्रेटको अदालतले तपाईं आदेश पालना नगरेर गलत गनुभएको कुरा थाहा पाएमा, उनीहरूले तपाईंलाई निम्न कुराहरू आवश्यक गराउन सक्छन्:

- जरिवाना भुक्तान गर्न
- आदेशको पालना गर्न
- आदेशको पालना गर्नका लागि विशिष्ट कार्य गर्न
- अदालतले उपयुक्त ठानेको अन्य कुनै पनि कार्य गर्न।

तपाईंलाई आदेशको पालना नगरेको आरोपमा जेल सजाय दिइने छैन, आपराधिक रेकर्ड गरिने छैन वा आपराधिक जरिवाना लगाइने छैन।

## मलाई अनुवादक/दोभाषे वा अन्य सहायता आवश्यक भएमा के गर्ने?

तपाईंलाई अनुवादक, दोभाषे वा सहायक व्यक्ति आवश्यक भएमा, तपाईं विद्यालयको प्रधानाध्यापकलाई भन्न सक्नुहुन्छ र उहाँले तपाईंलाई सहायता प्राप्त गर्नमा मद्दत गर्न सक्नुहुन्छ।

तपाईंको बच्चा सरकारी विद्यालय जानुहुन्छ भने, तपाईं थप सहायताका लागि शिक्षा तथा प्रशिक्षण विभागको क्षेत्रीय कार्यालयमा सम्पर्क गर्न पनि सक्नुहुन्छ।

| | |
|---|---|
| North Eastern Victoria<br>फोन: 1300 333 231<br>इमेल: nevr@education.vic.gov.au | North Western Victoria<br>फोन: 1300 338 691<br>इमेल: nwvr@education.vic.gov.au |
| South Eastern Victoria<br>फोन: 1300 338 738<br>इमेल: sevr@education.vic.gov.au | South Western Victoria<br>फोन: 1300 333 232<br>इमेल: swvr@education.vic.gov.au |

## मलाई थप जानकारी चाहिएमा के गर्ने?

तपाईं थप जानकारीका लागि शिक्षा तथा प्रशिक्षण विभागको वेबसाइट यहाँ जान सक्नुहुन्छ।